२०७९ भदौ ५ गते तदनुसार (August 21, 2022) आईतवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. विद्यालयको लागि विनियोजन भएको कार्यक्रम तथा योजना सम्बन्धमा ।
२. आ.व.२०७९/८० को योजना सञ्चालन तथा उपभोक्ता समिति गठन परिचालन सम्बन्धमा ।
३. मानेभन्ज्याङ गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७९ सम्बन्धमा ।
४. कार्यविधि निर्माण सम्बन्धी समिति गठन सम्बन्धमा ।
५. यस गाउँपालिकामा रिक्त रहेको स्वीकृत दरबन्दीमा प्रदेश लोकसेवा आयोगमा माग गर्ने सम्बन्धमा ।
६. जडीबुटी तथा कवाडी निकासी कर दररेट सम्बन्धमा ।
७. जडीबुटी तथा कवाडी निकासी ठेक्का सम्बन्धमा ।
८. ज्यालादारीमा कामदार राख्ने सम्बन्धमा ।
९. वडाध्यक्ष ज्यूहरुको लागि मासिक इन्धन( पेट्रोल) सम्बन्धमा ।
१०. विद्युत बिस्तारको कार्य सम्बन्धमा ।

प्रमाणित गरिएको छ।

२०७९।५।७

प्रमाणित गरिएको छ।
[signature]
२०७९।५।५

<u>२०७९ साल भदौ ५ गते आईतवारको बैठकका निर्णयहरु:</u>

निर्णय नं.१: आ.व.२०७९/८० को गाउँसभाबाट यस उँपालिकाको क्षेत्रभित्र पर्ने विभिन्न विद्यालयको लागि तथा विद्यालयसँग सम्बन्धित कार्यक्रम तथा योजना वडा तथा गाउँपालिका स्तरीय योजना अन्तरगत बजेट विनियोजन भएको हुँदा सो कार्यक्रम तथा योजनाहरु विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार निर्माण समिति गठन गरी सो समितिले नै कार्य गर्ने र बजेट निकासाको लागि विद्यालयको बैंक खाता नै प्रयोग गर्ने गरी कार्य गर्ने निर्णय गरियो । निर्माण समिति गठन गर्दा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरु बाहेक अन्य सदस्यहरुको संयोजकत्वमा गठन गर्न सकिने निर्णय गरियो ।

निर्णय नं.२.आ.व.२०७९/८० मा सञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठन २०७९ साल भदौ २० गतेसम्म वडाध्यक्ष/वडासदस्य वा वडासचिवको रोहबरमा गठन गरी सक्ने साथै भदौ २० गतेदेखि भदौ मसान्तसम्ममा समितिलाई अभिमूखीकरण गर्ने निर्णय सर्वसम्मतिले गरियो । अभिमूखीकरण कार्यक्रम वडा-वडामा समितिको पदाधिकारीहरुलाई राखेर पालिकाको सम्बन्धित शाखाहरुबाट गर्ने साथै भपभोक्ता समिति गठन भए पश्चात वडाले आफ्ना वडाको प्राविधिकहरुलाई योजना सर्भेको लागि खटाउने निर्णय गरियो ।विभिन्न कार्यक्रमहरुको विषयमा भने आवश्यकता अनुसार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं.३. यस मानेभन्ज्याङ गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरबन्दीको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि आजको कार्यपालिका बैठकबाट मानेभन्ज्याङ गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७९" पारित गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय नं.४: यस मानेभन्ज्याङ गाउँपालिकाको आ.व. २०७९/८० को एघारौ गाउँसभाबाट पारित गरिएको नीति तथा कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्नको लागि कार्यविधि आवश्यक परेको हुनाले आवश्यकता अनुसारको कार्यविधिको मस्यौदा तयार गर्न आजको कार्यपालिका बैठकबाट तपसिल अनुसार कार्यविधि निर्माण समिति गठन गर्ने निर्णय गरियो । समितिले कार्यविधिको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्नेछ । साथै समितिको सदस्यहरुको बैठक भत्ता गाउँपालिकाको अन्य विषयगत समितिको सदस्यहरुको सो सरह हुने पनि निर्णय गरियो ।

तपसिल:

श्री राममणी राई, २ नं. वडाध्यक्ष तथा विधायन समिति संयोजक – संयोजक

श्री जितेन्द्र राई, ३ नं. वडाध्यक्ष - सदस्य

श्री राजकुमार रुम्दाली, १ नं. वडाध्यक्ष - सदस्य

श्री रामकुमार राई, ५ नं. वडाध्यक्ष -सदस्य

श्री छविलाल राई, प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

निर्णय नं.५: मिति २०७९/०४/१६ को प्रदेश लोकसेवा आयोग, १ नं. प्रदेशको माग आकृति फाराम सम्बन्धमा परिपत्र भइ आएको र यस मानेभन्ज्याङ गाउँपालिकामा पनि विभिन्न तहका कर्मचारीहरु रिक्त रहेको हुँदा रिक्त रहेका पदहरु माग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत प्रदेश लोकसेवा आयोगमा माग गर्ने निर्णय आजको कार्यपालिका बैठकबाट सर्व सम्मतिले गरियो ।

**निर्णय नं.६:** यस मानेभन्ज्याङ गाउँपालिका आ.व.२०७९/८० को आर्थिक ऐनको अनुसूची-५ को जडिबुटी तथा कवाडी सम्बन्धी करमा केही शीर्षकहरु छुटेको साथै ऐनको सोही अनुसूचीमा ऐनमा उल्लेख भएको बाहेक अन्य वस्तुहरुको हकमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ भन्ने व्यवस्था भएको हुँदा आजको कार्यपालिका बैठकमा छुटेको वस्तुहरुको करको दररेट तपसिल अनुसार हुने भनी निर्धारण गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. पुरानो फलाम प्रतिकेजी रु.२/-
२. पुरानो टिन, जिआई जाली प्रतिकेजी- रु.१/-
३. खाली बियरको बोतल- प्रतिगोटा- पैसा.०.५०/-
४. खाली सिसी ५०० एमएम माथी - ५० पैसा ।
५. खाली सिसी ५०० एमएमभन्दा मुनि - २५ पैसा।
६. पुरानो प्लाष्टिकको ड्रम र कुर्सीको टुक्राहरु- प्रतिकेजी ५० पैसा।
७. टायर, ट्युब प्रतिकेजी - १ रुपैया ।
८. पुरानो कागजहरु - प्रतिकेजी ५० पैसा ।
९. जलेको ब्याट्री - प्रतिकेजी ५ रुपैया।
१०. भिन्डु प्रतिकेजी १ रुपैया ।
११. गार्मेन्ट कपडाको टुक्रा प्रतिकेजी १ रुपैया ।
१२. अन्य धातु पित्तल, तामा प्रतिकेजी ५ रुपैया।
१३. सिलबर प्रतिकेजी ३ रुपैया ।

संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म संघीय कानुन बमोजिम हुनेछ ।

प्रमाणित गरियको छ।
२०७९।८।५

निर्णय नं.७: मानेभन्ज्याङ गाउँपालिकाको चालु आ.व. २०७९/८० को जडीबुटी तथा कवाडीको निकासीको लागि बढाबढ प्रक्रियामा टेन्डर आव्हान गर्ने निर्णय गरियो । सो कार्यको लागि प्राविधिक शाखालाई आवश्यक तयारी गरी प्रक्रिया अगाडी बढाउन जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.८: मानेभन्ज्याङ गाउँपालिकाको कार्यालय सहयोगी ममकर्ण बस्नेत यस गाउँपालिकाबाट सरुवा भइ सिद्दिचरण नगरपालिका जानुभएको सो दरबन्दी खाली रहेको, उक्त दरबन्दीमा कार्यालय सहयोगी करारमा राख्न भन्दा दैनिक ज्यालादारीमा कामदार राख्न उपयुक्त र कार्यालयको आर्थिक दायित्वमा पनि मितव्ययिता हुने देखिएको हुँदा यस गाउँपालिकामा कार्यालय सहयोगीले गर्ने काम बगैंचा गोडमेल तथा कम्पाउण्डभित्र सरसफाई जस्ता कार्यको लागि जनशक्ति आवश्यक परेको हुनाले दैनिक ज्यालादारीमा २ जना (एकजना महिला/एकजना पुरुष) कामदार राखी सो कार्य गर्ने निर्णय गरियो । कामदारहरुको दैनिक ज्याला जिल्ला दररेट अनुसार अदक्ष कामदार सो सरह हुने निर्णय गरियो । साथै २ जना कामदारहरुको ज्यालादारी भुक्तानी सरुवा भई गएको का.स. ममकर्ण बस्नेतको लागि विनियोजन भएको बजेटबाट भुक्तानी हुने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय नं. ९: यस मानेभन्ज्याङ गाउँपालिकाको सम्पूर्ण वडाध्यक्षहरुको लागि मासिक २०(बिस) लिटर तेल पालिकाले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०: यस मानेभन्ज्याङ गाउँपालिकाको २ नं. वडामा हालसम्म पनि केन्द्रीय विद्युत बिस्तार नभएको हुँदा सो वडामा बिद्युत बिस्तारको लागि प्राविधिक इष्टिमेटको आधारमा गाउँपालिकाले विनियोजन गरेको शीर्षक **ग्रामीण विद्युतीकरण सहयोग कार्यक्रमबाट** खर्च बेहोरिने गरी वडा नं. १ मोलिदेखि वडा नं. २ वाक्सासम्म विद्युत लाईन चार्जिङ तथा मर्मत गर्ने निर्णय गरियो ।

प्रमाणित गरिएको छ

२०८०/५/७